(३२७)

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४५६/२०७१/०७२

महोत्तरी जिल्ला गा.वि.स. सरपल्लो-५ स्थायी घर र हाल सिसहनीया उप-स्वास्थ्य चौकी बारामा कार्यरत वस्ने भागिरथ साह ..........................................................................१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला स्वास्थ्य चौकी कलैया, बारा ..........................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला स्वास्थ्य चौकी कलैया, बारा ..........................................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

महोत्तरी जिल्ला गा.वि.स. सरपल्लो-५ स्थायी घर र हाल सिसहनीया उप-स्वास्थ्य चौकी वारामा कार्यरत वस्ने भागिरथ साहले जिल्ला स्वास्थ्य चौकी कलैया, वारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जिल्ला स्वास्थ्य चौकी कलैया, वाराका प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

## तपसिल

१. जिल्ला स्वास्थ्य कार्यालयंको कर्मचारी दरवन्दी टेरिज तथा उक्त दरवन्दीहरुमा हाल कार्यरत कर्मचारीहरुको पद अनुसारको नामावली सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

२. आ.व. २०७०/०७१ र आ.व. २०७१/०७२ मा लोक सेवा आयोगले माग गरे अनुसारको यस जिल्ला स्वास्थ्य कार्यालयले जिल्लामा रिक्त रहेको पदपूर्तिको लागि लोक सेवा आयोगलाई पठाएको पद विवरण, आयोगवाट सिफारिस भइ आएको विवरणको प्रमाणित प्रतिलिपिहरु ।

३. सो निर्माण कार्यमा शुरुदेखि सम्पन्न हुंदासम्मको खर्च भएका बीलभर्पाईहरुको प्रमाणित प्रतिलिपि ।

४. सार्वजनिक लेखा परीक्षण (सार्वजनिक अडिट)को प्रमाणित प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।